# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## भरतपुर महानगरपालिका

### चितवन




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## भरतपुर महानगरपालिका

### चितवन




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## भरतपुर महानगरपालिका

### चितवन

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट मूलतः बजेट अवण्डा राखि खर्च गरेको, खर्चको तुलनामा आन्तरिक आयको हिस्सा न्युन रहेको, बर्षान्तमा बढी खर्च गरेको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, दरबन्दी अनुसार पदपुर्ती नभएको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको जस्ता व्यहोराहरु देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको जस्ता समस्याहरु रहेका छन् ।

उल्लिखित विषयहरुका अलवा स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको समेत देखिएन । त्यसैले

लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
**Office of the Auditor General**
**अनामनगर, काठमाडौं, नेपाल**
Anamnagar, Kathmandu, Nepal
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, बागमती प्रदेश**

पत्र संख्याः २०७९।८०
च.नं.-६१ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
भरतपुर महानगरपालिका, महानगरकार्यपालिकाको कार्यालय,
चितवन ।

## कैफियत सहितको राय

हामीले भरतपुर महानगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. महानगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.४ करोड ३५ लाख ७३ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रु.३ करोड ७३ लाख ४६ हजार फस्र्यौट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.४६ लाख १ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.५ लाख ३३ हजार, नियमित गर्नुपर्ने रु.२ लाख १५ हजार र पेश्की रू. १३ लाख रहेको छ ।पालिकाको गतवर्ष सम्म रु.१ अर्ब २करोड ५ लाख ७८ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.९४ करोड ०३ लाख १३ हजार रहेको छ । महानगरपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. महानगरपालिकाको लेखापरीक्षणबाट अवण्डा बजेट राखी खर्च गरेको, वर्षान्तमा बढी खर्च गरेको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुगमन मुल्याङ्कन कार्य प्रभावकारी नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगरकार्यपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(श्यामप्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

भरतपुर महानगरपालिका, चितवन

## १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | | दफा संख्या | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | रकम | सैद्धान्तिक | लगती | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४७ | ३५ | ४३५७३ | ० | ५ | ३७३४६ | ४२२ | ४७ | ३० | ६६४९ | ४६०१ | २१५ | ५३३ | ० | ० | ५३४९ | १३०० |

## १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | ३३ | दररेट फरक परेको | १४१८१८.९६ |
| २ | ४१ | असुल गर्नुपर्ने कर | २४२१७७८ |
| ३ | ४८ | फरक नर्म्सको प्रयोग | ५०६३४०८ |
| ४ | ५१ | स्रेस्ता पेश नगरेको | २९७१४२३५ |
| ५ | ५२ | पेश्की फर्छ्यौट | ५००० |
| | | **जम्मा** | **३७३४६२३९.९६** |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| भरतपुर महानगरपालिका | १०२०५७८ | ० | ८६९१४ | ९३३६६४ | ० | ६६४९ | ९४०३१३ |

**आर्थिक कारोबारको स्थिति**

कार्यालय र स्थान : भरतपुर महानगरपालिका, चितवन, आर्थिक वर्षः २०७८/७९

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | नरेन्द्र कुमार राना | २०७९-९-२८ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | राम बन्धु सुवेदी | २०७८-६-६ | |
| लेखा प्रमुख | जगन्नाथ अर्याल | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ६६,४८९५४.०७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १,६६,७९,३२,८९९ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | १,११,८०,३३,००५ | **चालु खर्च** | १,८१,७३,८९,२७५ |
| **प्रदेश सरकारबाट अनुदान** | १२,१६,१५,९०० | **पूँजीगत खर्च** | १,६०,२१,५१,५६४ |
| **राजश्व बाँडफाँट** | ५३,१८,३५,८९० | **वित्तीय/अन्य व्यवस्था** | ६,१८,३२,४२७ |
| **आन्तरिक आय** | १,१५,३६,०४,६८३ | | |
| **अन्य आय** | ५५,६१,३३,२६३ | | |
| **कुल आय** | ३,४८,१२,२२,७४१ | **कुल खर्च** | ३,४८,१३,७३,२६६ |
| **बाँकी मौज्दात** | | १,६६,७७,८२,३७४ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस भरतपुर महानगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत नगरप्रमुख, उपप्रमुख, वडा अध्यक्ष समेत १५२ जना सभा सदस्य, ४३२.९५ वर्ग किलोमिटर क्षेत्रफल, ३,६९,३७७ जना जनसंख्या र २९ वडा रहेका छन् । | |
| २ | | | **लेखा परीक्षणको क्रममा असुलीः** लेखापरीक्षणको क्रममा पालिकाले असुल गर्न बाँकी राजश्व र सामाजिक सुरक्षा रकम रु. ७,२७,०५६/- असूल गरी दाखिला गरेको भौचर पेश गरेको छ । | |
| ३ | | | **एकिकृत आर्थिक विवरण** | |

**भरतपुर महानगरपालिकाको आ.व. २०७८/७९ को एकिकृत आर्थिक विवरण**

| सि.नं. | आय | | सि.नं. | व्यय | |
|---|---|---|---|---|---|
| | **शीर्षक** | **रकम** | | **शीर्षक** | **रकम** |
| १. | **गत वर्षको जिम्मेवारी** | | १. | **चालु** | १८१७३८९२७५.३० |
| | बैंक मौज्दात | १६३३७६३८९१ | २. | **पूँजीगत** | १६०२१५१५६४.२९ |
| २. | यस वर्षको धरौटी आम्दानी | ३४१६९००७.६४ | ३. | **धरौटी फिर्ता** | १७२५५९५८.११ |
| ३. | **आन्तरिक राजश्व आम्दानी** | | ४. | **कोष खर्च** | |
| | आन्तरिक राजश्व | ११५३६०४६८३.१६ | | मर्मत सम्भार कोष | ११११५६६३९ |
| | राजश्व बाँडफाँड प्रदेश सरकार | २०२४४०३४४.५८ | | प्रकोप व्यवस्थापन कोष | ४०१८९०० |
| | राजश्व बाँडफाँड संघीय सरकार | ३२९३९५५४५.६५ | | कर्मचारी कल्याण कोष | २९४००९२९ |
| | अन्य आय | ४८४४९८७८५.३ | ५. | **मौज्दात** | |
| ४. | **संघीय सरकारबाट प्राप्त अनुदान** | | | बैंक मौज्दात | १५२९५५९५११.९६ |
| | वित्तीय समानिकरण अनुदान | ४९५५००००० | | धरौटी मौज्दात | ६६२६००३१.९१ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>सशर्त अनुदान</td><td>६०९३७५००४.६९</td><td></td><td>कल्याण कोष खाता</td><td>२०७०७९८९.६२</td></tr>
<tr><td></td><td>समपुरक अनुदान</td><td>०</td><td></td><td>प्रकोप व्यवस्थापन खाता</td><td>३१५२६९.५५</td></tr>
<tr><td></td><td>विशेष अनुदान</td><td>१३१५८०००</td><td></td><td>मर्मत सम्भार खाता</td><td>५०९३९५७१.२९</td></tr>
<tr><td>५.</td><td>प्रदेश सरकारबाट प्राप्त अनुदान</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>वित्तीय समानिकरण अनुदान</td><td>४४५१२०००</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>सशर्त अनुदान</td><td>५९१२१०००</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>समपुरक अनुदान</td><td>१७९८२९००</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>विशेष अनुदान</td><td>०</td><td></td><td></td><td></td></tr>
<tr><td>६.</td><td>विभिन्न कोष तर्फको आय</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>मर्मत सम्भार कोष</td><td>१०२९६३२०</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>प्रकोप व्यवस्थापन कोष</td><td>६९१९६३</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>कर्मचारी कल्याण कोष</td><td>२००००००००</td><td></td><td></td><td></td></tr>
<tr><td>७.</td><td>विषयगत निकायबाट प्राप्त रकम</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>सडक बोर्ड नेपाल</td><td>२५२८८८१९</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>जिल्ला समन्वय समिति</td><td>१५३५७३७६</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td>५१४९१५५६४०.०३</td><td></td><td>जम्मा</td><td>५१४९१५५६४०.०३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणालीः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ३१ बमोजिम स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले ऐनमा तोकिएको व्यवस्था बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्ने तर्फ ध्यान दिनुपर्दछ । यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन्-<br><br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ बमोजिम खरिदको गुरुयोजना तयार नगरेको।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • तोकिए बमोजिम तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्नेमा पालिकाले तलबी प्रतिवेदन पारित नगरी तलब भत्ता भुक्तानी गरेको ।<br>• प्रशासकिय प्रमुखको स्वीकृति बेगर वडा कार्यालयले करार कर्मचारी नियुक्ती गर्ने र करार नविकरण गर्ने गरेको ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक नगरेको ।<br>• सहकारी संस्थाहरुको नियमित तथा सघन अनुगमन नगरेको ।<br>• दरबन्दी विना कर्मचारी करार तथा ज्यालादारीमा नियुक्त गरी तलब भुक्तानी गरेको ।<br>• करको दायरा बिस्तार गर्ने तथा दर्ता भएका करदाताबाट कर संकलन गर्न पर्याप्त ध्यान दिन नसकेको ।<br>• खर्चको तुलनामा आन्तरिक आय हिस्सा कमजोर रहेको ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई थप प्रभावकारी र विश्वशनीय बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| ५ | | | **बैक हिसाब मिलानः** स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा यस पालिकाले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण बैङ्कमा निम्नानुसार रु. २,७४,८३,४३०/- बढी मौज्दात देखिएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्दछ । | |

| खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|
| चालु खर्च खाता | २८११०८९०८ | ३०५०९६५९८.७१ | २३९८७९०.९१ |
| पुँजिगत खर्च खाता | ३१७५२२६७०.७३ | ३६५१९३६८३.७३ | ४७६७१०१३ |
| धरौटी | ६६२६००३१.९१ | ७००८४७५८.९१ | ३८२४७२७ |
| संचित कोष | १०७०५०१०१३.१९ | १०७०५०१०१३.१९ | ० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>जम्मा</td><td>१७३५३९२६२४</td><td>१८१०८७६०५४.५४</td><td>२७४८३४३०</td></tr></table></td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>धरौटीः धरौटीतर्फ गतवर्ष जिम्मेवारी सरी आएको रु ४ करोड ९३ लाख ४७ हजार र यो बर्षको आम्दानी रु ३ करोड ४१ लाख ६९ हजार समेत रु ८ करोड ३५ लाख १६ हजार मध्ये यो वर्ष फिर्ता खर्च भएको रु १ करोड ७२ लाख ५६ हजार घटाउँदा रु ६ करोड ६२ लाख ६० हजार मौज्दात रहेको छ ।</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>कोषः मर्मत संभार कोषतर्फ रु.१ करोड २ लाख ९६ हजार, प्रकोप व्यवस्थापन कोषतर्फ रु.६ लाख ९२ हजार, कर्मचारी कल्याण कोषमा रु २ करोड बजेट व्यवस्था भएकोमा ती कोषहरुमा क्रमशः रु १ करोड ११ लाख ५६, रु ४० लाख १८ हजार, रु २ करोड ९४ लाख ट्रान्सफर भएको छ ।</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>अबण्डा बजेटः पालिकाले यस वर्ष विभिन्न शीर्षकमा रु ३९ करोड ९८ लाख बजेट अबण्डा राखी उक्त रकम कार्यपालिका तथा नगरप्रमुखको विभिन्न मितिका निर्णयबाट विभिन्न टुक्रे आयोजना तथा कार्यक्रमका लागि खर्च गरेको छ । बजेट अवण्डा राखी नगरसभाबाट स्वीकृत नभएका योजनहरुमा कार्यपालिका तथा नगरप्रमुखको निर्णयबाट खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>बजेट तथा खर्चः यस वर्षको पालिकाको बजेट र चालु तथा पूँजीगत खर्चको अवस्था देहाय बमोजिम रहेको छ ।<br><table>
<tr><td>विवरण</td><td>बजेट</td><td>खर्च</td><td>बाँकी</td><td>खर्च प्रतिशत</td></tr>
<tr><td>पालिका चालु</td><td>१०८७५७३</td><td>७११७२९</td><td>६०२९७२</td><td>६५.४४</td></tr>
<tr><td>पालिका पुँजिगत</td><td>२४७९३८३</td><td>१२६१२५५</td><td>१२१८१२८</td><td>५०.८६</td></tr>
<tr><td>जम्मा</td><td>३५६६९५६</td><td>१९७२९८४</td><td>१८२११००</td><td>५८.१५</td></tr>
</table>उपरोक्त बमोजिम पालिकाले चालु तर्फ बजेटको तुलनामा ६५.४४ प्रतिशत र पुँजीगत तर्फ ५०.८६ प्रतिशत खर्च गरेको छ । पालिकाले खर्च गर्न नसकेको रकम रु. १ अर्ब ५२ करोड ९५ लाख ५९ हजार आगामी आ.व. को लागि मौज्दात सारेको छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १० | | | **शिक्षा तर्फः** विषयगत कार्यक्रम अन्तर्गत शिक्षा तर्फ रु १ अर्ब १२ करोड ७५ लाख ४५ हजार बजेट विनियोजन भएकोमा रु १ अर्ब ५ करोड २ लाख २१ हजार खर्च भएको छ । | |
| ११ | | | **विद्यालय शिक्षक दरबन्दी र पदपुर्तीः** आ.व. २०७८।०७९ मा पालिकाको शिक्षक दरबन्दी र पदपुर्तीको व्यहोरा देहाय बमोजिम छ । | |

| क्र.सं. | विद्यालय संख्या | दरबन्दी संख्या | स्थायी पदपुर्ती | दरबन्दी मध्ये करार | रिक्त पद | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|---|
| १ | १२९ | १६७८ | ९३९ | ७३९ | ० | ४२२२७ | ०१:२५.२ |

उपरोक्त बमोजिम शिक्षक विद्यार्थी अनुपात १:२५ रहेको छ । त्यसैले तोकिए बमोजिम शिक्षक विद्यार्थी अनुपात कायम गर्दै करारमा रहेका पदहरु स्थायी पूर्ती गर्ने तर्फ पालिकाले पहल एवं प्रयत्न गर्नुपर्दछ

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **विद्यालय र विद्यार्थी संख्याः** पालिकाले तयार पारेको शैक्षिक सत्र २०७९ को विवरण अनुसार देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन् । | |

| क्र.सं. | विद्यालयको किसिम | विद्यालय संख्या | विधार्थी संख्या |
|---|---|---|---|
| १ | सामुदायिक विद्यालय | ११९ | ४२१९७ |
| २ | संस्थागत विद्यालय | ९८ | ४६७२८ |
| | जम्मा | २१७ | ८८९२५ |

उपरोक्त विवरण अनुसार पालिकाको जम्मा विधार्थी संख्या रहेकोमा ४७.४५ प्रतिशत सामुदायिक र ५२.५४ प्रतिशत विधार्थी संस्थागत विद्यालयमा अध्यनरत रहेको देखिन्छ ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१३</td><td></td><td></td><td>प्रति विद्यार्थी लागतः पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७८/७९ को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।<br>
<table>
<tr><th>बजेट विवरण</th><th>बजेट रकम</th><th>खर्च रकम</th><th>विद्यार्थी संख्या</th><th>प्रति विद्यार्थी लागत रु.</th></tr>
<tr><td>तिनै तहका सरकारबाट जम्मा</td><td>११२७५४५०००</td><td>१०५०२२२१०००</td><td>४२१९७</td><td>२४८८८.५२</td></tr>
</table>
उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत रु. २४८८८.५२ रहेको देखिन्छ ।</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>संस्थागत विद्यालयको छात्रवृत्तीः नगर शिक्षा ऐन, २०७५ को दफा ५९(१) बमोजिम संस्थागत विद्यालयले कुल विद्यार्थीको १० प्रतिशत छात्रवृत्ति विपन्न एवं सिमान्तकृत विद्यार्थीलाई उपलब्ध गराउनु पर्ने व्यवस्था छ । साथै दफा ६०(१) बमोजिम दफा ५८ बमोजिम छात्रवृत्ति उपलब्ध गराएका विद्यार्थीहरुको नाम, थर, कक्षा तथा निजको बाबु आमाको नाम, थर, वतन सहितको विवरण विद्यालयले विद्यालयको सूचना पाटी टाँस गर्ने एवं विद्यालयको वेभसाइट भएमा त्यसमा राखी सार्वजनिक गर्नुपर्ने उल्लेख छ । साथै त्यस्तो विवरणशिक्षा शाखामा समेत पठाउनु पर्ने व्यवस्था छ।<br>
पालिकाले तयार पारेको शैक्षिक सत्र २०७९ को विवरण अनुसार संस्थागत विद्यालयमा अध्यनरत विधार्थी संख्या निम्नानुसार छन् ।<br>
<table>
<tr><th>क्र.सं.</th><th>विद्यालय</th><th>विद्यालय संख्या</th><th>विधार्थी संख्या</th><th>छात्रवृत्ति प्राप्त गर्नुपर्ने विद्यार्थी संख्या</th></tr>
<tr><td>१</td><td>संस्थागत</td><td>९८</td><td>४६७२८</td><td>४६७२</td></tr>
</table>
पालिकाले कक्षा ११ र १२ को हकमा पालिकाबाटै छात्रवृत्तिका लागि सम्बिधत विद्यालयमा सिफारिस गरेकोमा बाँकी कक्षाको हकमा भने छात्रवृत्ति प्राप्त विद्यार्थीको विवरणलाई सार्वजनिक गरेको छैन । अत: संस्थागत विद्यालयले तोकिए बमोजिम छात्रवृत्ति प्रदान गरे नगरेको सुनिश्चित हुने तर्फ थप ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१५</td><td></td><td></td><td>सेवा प्रवाहः पालिकाले २ प्राथमिक स्वास्थ्य केन्द्र, १३ स्वास्थ्य चौकी, १४ आधारभुत स्वास्थ्य केन्द्र, ३ नगर स्वास्थ्य केन्द्र, ६ आयुर्वेद औषधालय लगायत अन्य विभिन्न स्वस्थ्य संस्था मार्फत प्रयोगशाला सेवा, क्षयरोग डट्स, भ्याक्सिन सब सेन्टर, बर्थिङ्ग सेन्टर, ईम्प्लान्ट, गर्भपतन लगायतका सेवाहरु प्रदान गर्दै आएको छ । यस बर्ष उपरोक्त संस्थाहरुमार्फत देहाय बमोजिमका सेवाग्राहीहरु लाभान्वित भएका छन् ।
<table>
<tr><th>विवरण</th><th>पुरुष संख्या</th><th>महिला संख्या</th><th>जम्मा सेवाग्राही</th></tr>
<tr><td>सेवाग्राही संख्या</td><td>७४१४६</td><td>१००३३४</td><td>१७४४८०</td></tr>
<tr><td>अन्य स्वास्थ्य संस्थामा रिफर गरिएको</td><td>५३४३</td><td>७९३०</td><td>१३२७३</td></tr>
</table></td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>आमा सुरक्षा कार्यक्रमः यस पालिकाभित्र जम्मा ५ वटा बर्थिङ्ग सेन्टर रहेकोमा सो लगायत पालिकाले कार्यपालिकाको निर्णयका आधारमा चितवन मेडिकल कलेज र कलेज अफ मेडिकल साईन्सेस गरी दुईवटा प्राईभेट अस्पतालसंग समेत सम्झौता गरी जम्मा ७ वटा संस्थामार्फत आमासुरक्षा कार्यक्रम सञ्चालनका गरे वापत यस बर्ष रु.१२६२६७००।०० खर्च गरेको छ । जसमध्ये दुई निजी स्वास्थ्य संस्थालाई प्रति डेलिभरी रु.१५००।०० का दरले जम्मा रु.१,१८,५३,१०० भुक्तानी भएको छ ।</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>नगद सहयोगः पालिकाले यस आ.व. मा कोभिडबाट संक्रमित भएका अति विपन्न व्यक्तिका परीवारलाई राहत स्वरुप प्रति परिवार रु.१०,००० का दरले नगद राहत दिने निर्णयानुसार यस वर्ष ३०५२ परिवारका लागि रु.३,०५,२०,००० (तीन करोड पाँच लाख बिस हजार) खर्च गरेको छ ।</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>निःशुल्क ओ. पि. डि. टिकटः यस भरतपुर महानगरपालिकाले महिला तथा जेष्ठ नागरिकलाई स्वास्थ्य परीक्षण गराउँदा लाग्ने ओ. पि. डि. टिकट शुल्क नलाग्ने घोषणा गरेको छ। सो वापत यस बर्ष पालिकाले भरतपुर अस्पताललाई देहायबमोजिम रकम भुक्तानी गरेको छ ।
<table>
<tr><th>क्र. सं.</th><th>विवरण</th><th>टिकट दर</th><th>सेवा लिने संख्या</th><th>जम्मा रकम</th></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | जेष्ठ नागरिक | १५ | १०७०९ | १६०६३५ |
| २ | महिला | ३० | ५०५११ | १५१५३३० |
| | | | | १६७५९६५ |

| | | | | |
|---|---|---|---|---|
| १९ | | | **कृषितर्फ** | |
| १९.१ | | | महानगरपालिकाले उपलब्ध गराएको आर्थिक वर्ष २०७८।७९ को कृषि सम्बन्धी तथ्यांक देहाय बमोजिम रहेको छ | |

| क्र सं | बाली | क्षेत्रफल हेक्टरमा | उत्पादकत्व प्रति हेक्टर मेट्रिक्टनमा | उत्पादन मेट्रिक्टनमा |
|---|---|---|---|---|
| १. | धान | | | |
| १.२ | वर्षे | ११,००० | ४.१ | ४५,१०० |
| १.३ | चैते | १,८०० | ३.८ | ६,८४० |
| २. | गहुँ | ३,२०० | ३.१ | ९,९२० |
| ३. | मकै | ४,२०० | २.८ | ११,७६० |
| ४. | तोरी | ४,५०० | १.१ | ८,२५० |
| ५. | तरकारी | १,५०० | १५ | २२,५०० |
| ६. | केरा | ३०० | ३० | ९,००० |
| जम्मा | | २६५०० | | ११३३७० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | महानगरपालिका लगायत संघीय र प्रदेश सरकारबाट अनुदान प्रदान भई रहेको अवस्थामा कृषि उत्पादन र अनुदान रकमको अवस्था बारे अध्ययन भएको छैन । त्यसैले कृषि अनुदान र उत्पादन बीच प्रत्यक्ष र सकारात्मक सम्बन्ध कायम गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| १९.२ | | | **मेशिन खरिदः** महानगरपालिकाको कृषि यान्त्रिकरण प्रवर्द्धन कार्यविधि, २०७६ (पहिलो संशोधन २०७८) को बुँदा नं ५ र ९ मा कृषक लाभग्राहीले आफूले माग गरेको उपकरणको क्षमता, मोडेल, ब्राण्ड र अन्य स्पेसिफिकेशन सहित कम्तीमा तीन वटा आधिकारिक आपूर्तिकर्तासँगको मुल्य खुल्ने दरभाउपत्र पेश गर्नुपर्ने र साझेदार लाभग्राहीले छनौट भएको कृषि यन्त्र उपकरण आफूले पेश गरेको दरभाउपत्रमा कम दर पेश गर्ने आपूर्तिकर्ताबाट तोकिएको दररेटमा खरिद गर्नुपर्ने उल्लेख रहेको छ तर देहायका कृषक लाभग्राही संस्थाले दरभाउपत्र पेश नगरी बीउ रु ४५,०३,०००/- ग्रेडिङ गर्ने मेसिन खरिद गरेको पाइयो । | |

| क्र. सं. | लाभग्राही संस्थाको नाम | आपूर्तिकर्ताको नाम | खरिद गरेको मूल्य रु | अनुदान रकम रु |
| --- | --- | --- | --- | --- |
| १ | फूलबारी विज वृद्धि कम्पनी प्रा लि | ग्राण्ड एग्रोटेक एण्ड सप्लायर्स प्रा लि | १५०१०० | ७२७,४८५ |
| २ | बि जी नेपाल मल्टिपर्पोज प्रा लि | ग्राण्ड एग्रोटेक एण्ड सप्लायर्स प्रा लि | १५०१०० | ७२७,४८५ |
| ३ | विमल एग्रो फर्म एण्ड रिसर्च सेन्टर | ग्राण्ड एग्रोटेक एण्ड सप्लायर्स प्रा लि | १५०१०० | ७२७,४८५ |
| | | जम्माः | ४५०३००० | २२५१५०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| २० | | | **चौमासिक पूँजीगत खर्चः** पालिकाले उपलब्ध गराएको विवरण अनुसार चौमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th rowspan="2">सि.नं.</th><th rowspan="2">पूँजीगत खर्च शीर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="3">मासिक खर्च (रु.हजारमा)</th><th rowspan="2">आषाढ महिनाको मात्र खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेस्रो चौमासिक</th></tr>
<tr><td>१.</td><td>संघीय पूँजीगत</td><td>३०२९५३</td><td>८४०४</td><td>४३८७३</td><td>२५०६७५</td><td>१५५३७२</td></tr>
<tr><td>२.</td><td>प्रदेश पूँजीगत</td><td>३७९४२</td><td>०</td><td>३८२३</td><td>३४११८</td><td>२३०६५</td></tr>
<tr><td>३.</td><td>महानगरपालिका पूँजीगत</td><td>१२६१२५५</td><td>३१५४२८</td><td>२५५८६९</td><td>६९००५६</td><td>३३०९३३</td></tr>
<tr><td></td><td>कूल खर्च</td><td>१६०२१५१</td><td>३२३७३३</td><td>३०३५६६</td><td>९७४८५१</td><td>५०९३७०</td></tr>
<tr><td></td><td>खर्च प्रतिशत</td><td>१००.००%</td><td>२०.२०%</td><td>१८.९४%</td><td>६०.८४%</td><td>३१.७९%</td></tr>
</table>
उल्लेखित विवरण अनुसार तेस्रो चौमासिक पूँजीगत ६०.८४ प्रतिशत खर्च भएको देखिन्छ भने असार महिनामा मात्र ३१.७९ खर्च भएको देखिन्छ । त्यसैले तेस्रो चौमासिक र असार महिनामा बढी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नमा ध्यान दिनुपर्दछ।
</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>बजेट पेश र पारितः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुखले मिति २०७८/०३/१० गते रु.४ अर्ब ८५ करोड ३६ लाख २९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८७/०३/१३ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७८/०३/१७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २२ | | | **आर्थिक सहायतः** पालिकाले यस वर्ष अनुदान तथा आर्थिक सहायता निर्देशिका, २०७५ बमोजिम वडाको सिफारिसमा निर्देशिका बमोजिम गठित समितिको निर्णयानुसार विपद व्यवस्थापन, विपन्नलाई औषधी उपचार लगायत यस वर्ष रु.२७,३७,८१९।०० आर्थिक सहायता वितरण गरेको छ । | |
| २३ | | | **नक्शा पास तथा अभिलेखः** यस आ.व. मा पालिकाको भवन निर्माण ईजाजात शाखाबाट भएको नक्शा पासको विवरण देहाय बमोजिम छ: | |

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|
| १. | नयाँ नक्शा दर्ता | १२४५ |
| २. | नक्शा पास (तला थप समेत) | १७०७ |
| ३. | अभिलेखीकरण नक्शा दर्ता तथा पास | ३९७ |
| ४. | निर्माण सम्पन्न | १८८८ |
| ५. | नक्शा संशोधन | १६५ |
| ६. | नामसारी | २९५ |
| ७. | प्रतिलिपि | ५६ |
| ८. | कित्ता संशोधन | ३७ |
| | जम्मा | ५७९० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | | | **जिन्सी व्यवस्थापनः** लेखापरीक्षणका क्रममा जिन्सी व्यवस्थापनका विविध पक्षको स्थलगत परीक्षण गर्दा देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम रहेका छन्:<br><br>• पालिकाले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा तोकिए बमोजिम जिन्सी निरीक्षण गरी सोको प्रतिवेदन कार्यान्वयन तर्फ ध्यान दिनुपर्दछ ।<br>• पालिकाले हाल सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) संचालनमा ल्याएकोमा गत विगत वर्ष देखि संचालनमा ल्याएको जिन्सी सफ्टवेरमा रहेका जिन्सीको विवरण पाम्समा अद्यावधिक नगरेको ।<br>• पालिकाले वडागत जिन्सी खाता समेत सार्वजनिक सम्पत्ती व्यवस्थापन सफ्टवयेर प्रणाली (PAMS) मा अद्यावधिक गराई एकिकृत जिन्सी अभिलेख तयार नगरेको ।<br>तसर्थ जिन्सी व्यवस्थापन प्रणालीलाई चुस्त दुरुस्त राख्न ध्यान दिनुपर्दछ । | |
| २५ | | | **कर्मचारीको स्तरवृद्धिको निर्णय र सोको बदरः** पालिकाले भरतपूर महानगरपालिकामा कार्यरत कर्मचारीहरुको व्यवस्थापन गर्न बनेको ऐन, २०७७ बमोजिम २०७७/१२/२२ को निर्णयनुसार १३६ कर्मचारीको एक तह बढुवा गरेकोमा बाग्मती प्रदेश लोक सेवा आयोगको च.नं.४१२ मिति २०७९/१/१४ को पत्रानुसार प्रदेश लोक सेवा आयोगको परामर्श नलिई सम्बन्धित स्थानीय तहले गरेका तह वृद्धि तथा बढुवा सम्बन्धी कार्य स्वत: बदर हुने उल्लेख गरेनुसार ८४ जना कर्मचारीको तह वृद्धिको निर्णय रद्ध गरेको छ । यसरी तह वृद्धिको निर्णय रद्ध हुँदा ६८ कर्मचारीलाई खाईपाई आएको भन्दा मासिक रु.१,१७,६१९।०० ले चाडपर्व खर्च सहित हुन आउने रु.१५,२९,०४७/- र संचय कोष वापत रु.१,४१,१४२।८० समेत गरी हुने जम्मा रु.१६,७०,१८९।८० बढी भुक्तानी भएकाले सम्बन्धित कर्मचारीबाट असूल गरी राजस्व दाखिला गर्नुपर्ने रु. | १,६७०,१८९ |
| २६ | | | **विज्ञ सल्लाहकारः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । पालिकाले नगर प्रमुखका लागि अधिकृत छैटौ तहको तलब भुक्तानी हुने गरी १ जना र उप-प्रमुखका लागि सहायक पाचौ तहको तलब भुक्तानी हुने गरी १ जना सल्लाहकार नियुक्त गरी यस वर्ष रु.१०,५६,७६६।१० भुक्तानी गरेको छ । त्यसैले स्वीकृत दरबन्दी भन्दा बाहिरको पदमा नियुक्ती गर्ने परिपाटीलाई नियन्त्रण गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२७</td><td></td><td></td><td>राजश्व वाँडफाँडः स्थानीय तहले आर्थिक ऐन बमोजिम असुल गरेको देहाय अनुसारको रकम राजश्व बाँडफाँड गरी पठाएको व्यहोरा देहाए बमोजिम छ ।
<table>
<tr><td>आय शीर्षक</td><td>संकलित रकम</td><td>प्रदेशलाई पठाउनु पर्ने प्रतिशत (४०%)</td><td>पठाएको रकम</td><td>पठाउन बाँकी रकम</td></tr>
<tr><td>विज्ञापन कर</td><td>६५८५७७०</td><td>२६३४३०८</td><td>२६३४३०८</td><td>०</td></tr>
<tr><td>मनोरञ्जन कर</td><td>१०११२३८</td><td>४०४४९५.२</td><td>४०४४९५.२</td><td>०</td></tr>
<tr><td>अन्य प्राकृतिक स्रोतको आय तथा रोयल्टी (दहत्तर बहत्तर)</td><td>९०७२३१४.३१</td><td>३६२८९२६</td><td>३६२८९२६</td><td>०</td></tr>
<tr><td>जम्मा</td><td>१६६६९३२२.३१</td><td>६६६७७२९.२</td><td>६६६७७२९.२</td><td>०</td></tr>
</table></td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>जटिल निर्माण कार्यः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरूलाई हेभि मेशिन, औजार, उपकरणहरूको आवश्यकता नपर्ने, श्रममुलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी भरतपुर महानगरपालिकाको आ.व.२०७८/७९ को नीति तथा कार्यक्रममा रोजगारी सिर्जना हुने र मेशिनरी औजार प्रयोग नहुने आयोजना उपभोक्ता समितिबाट सञ्चालन गरिने र ठूला तथा मेशिनरी औजार प्रयोग हुने तथा रू.४० लाख भन्दा माथिका सडक आयोजना बोलपत्र मार्फत कार्यान्वयन गरिने उल्लेख छ । तर पालिकाले सडक कालोपत्रे, ढल तथा नाला निर्माण लगायतका ठूला मेशिनरी र जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समिति मार्फत गराएको देखियो । बाटो कालोपत्रे गर्ने कार्यमा पेभर मेशिन, विटुमिन डिस्ट्रिव्यूटर्स, रोलर, ग्रेडर, लोडर, हट मिक्स्ड अस्पाल्ट प्लान्ट लगायतका हेभी इक्यूपमेन्टको प्रयोग हुने र यस प्रकारको मेशिनरी उपभोक्ता समितिसँग नहुने तथा सोको प्राविधिक दक्षता समेत न्यून हुने भएकाले यस्ता कार्य निर्माण व्यवसायीबाट प्रतिस्पर्धात्मक रूपमा सम्पन्न गराउनेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ । लेखापरीक्षणको क्रममा नमूना छनौटको</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आधारमा परीक्षण गर्दा यो वर्ष उपभोक्ता समितिबाट सञ्चालित जटिल प्राविधिक पक्ष समावेश भएका कार्यको केही उदाहरण देहाय अनुसार रहेका छनः | |

| सि.नं. | उपभोक्ता समिति | कामको विवरण | लागत अनुमान | कार्यसम्पन्न रकम |
|---|---|---|---|---|
| १ | सिद्धिविनायक बाटो निर्माण उ.स. | सडक कालोपत्रे निर्माण कार्य | ८९९९०३४/- | ८६९४६७०/- |
| २ | श्री गणेश मार्ग पिच निर्माण उ.स. | सडक कालोपत्रे तथा नाला निर्माण कार्य | ७८५७७५८१/- | ७४३००१४/- |
| ३ | देशभक्त ढकालको घरबाट तुलसी सुवेदीको घरसम्म पिच बाटो निर्माण उ.स. | सडक कालोपत्रे निर्माण कार्य | ८०१८४३९/- | ८०१५०५५/- |
| ४ | आलमघाट देखि देवीस्थानसम्म सडक कालोपत्रे उ.स. | सडक कालोपत्रे निर्माण कार्य | ४४४६९७२/- | ४४४३८५२/- |
| ५ | हरियाली मार्ग पिच निर्माण उ.स. | सडक कालोपत्रे निर्माण कार्य | ४९१८९७०/- | ४९१७६२६/- |
| ६ | मनोज कुमार श्रेष्ठको घरदेखि जीवन ध्यावाको घरतर्फ जाने बाटो पिच निर्माण उ.स. | सडक कालोपत्रे निर्माण कार्य | ५७७४३९७/- | ५८४७४८३/- |
| ७ | भानु नहरचोक कालोपत्रे उ.स. | सडक कालोपत्रे निर्माण कार्य | ५५७८१३७/- | ५५५४१६८/- |
| ८ | मुक्तिनगरपथ सडक कालोपत्रे निर्माण उ.स. | सडक कालोपत्रे निर्माण कार्य | ५७६७८३८/- | ५६६७५३३/- |
| ९ | दासढुङ्गा स्याउली सडक स्तरोन्नती उ.स. | सडक कालोपत्रे निर्माण कार्य | ३८८९५२१/- | ३५३८०१२/- |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | १० \| अगन्धर कंडेलको धघर देखि उत्तर बेलकुमारी रानाभाटको घरसम्म पिच निर्माण उ.स. \| सडक कालोपत्रे निर्माण कार्य \| ३५५८५९७/- \| ३४५३९१४/- | |
| २९ | | | **भेरियसन आदेश वेगर भुक्तानः** सार्वजनिक खरिद नियमावली, २०६३ को नियम ११८ मा खरिद सम्झौता/निर्माण कार्य गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सार्वजनिक निकायले नियमावली बमोजिमको प्रकृया पूरा गरी भेरिएसन आदेश जारी गर्नसक्ने उल्लेख छ । त्यसरी भेरिएसन आदेश जारी गर्दा निर्माण कार्यको ड्रईङ्ग, डिजाइन तथा स्पेशिफिकेशण आदि बदल्नु पर्ने वा नपर्ने, भेरिएसन परिमाणको प्राविधिक पुष्ट्याई र कारण, स्वीकृत बजेट तथा कार्यक्रममा परे नपरेको लगायतका विवरण खुलाई कार्यालय प्रमुखले प्रमाणित गर्नुपर्ने व्यवस्था छ । पालिकाले न्यौपाने कल्याण समाजको कन्फ्रेन्स हल निर्माण उपभोक्ता समितसंग रु ३९,२९,६९६।९८ मा सम्पन्न गर्ने गरी सम्झौता गरी कार्य गरेकोमा अन्तिम विल भुक्तानी गर्दा भेरियसन स्वीकृत वेगर PCC for RCC (1:1.5:3) कार्यमा सुरु परिमाणमा १६.०८ घनमिटर थप गरी रु २,१४,६८६।६५ थप भुक्तानी गरेको देखियो । लेखापरीक्षणको क्रममा योजनाको प्राविधिक नापी किताब विश्लेषण गर्दा उपभोक्ता समितिले कम दरको केही आइटमको कार्य नगरी बढी दर भएको PCC for RCC (1:1.5:3) आइटममा लागत अनुमानमा उल्लेख गरेको ४८.२४ घनमिटर भन्दा ३३.३३ प्रतिशत वृद्धी गरी ६४.३२ घनमिटर कार्य गरेको देखिन्छ । यसरी उपभोक्ता समितिलाई भेरियसन आदेश स्वीकृत नगराई लागत अनुमान भन्दा बढी परिमाणको रकम भुक्तानी गरी पालिकालाई रु २,१४,६८६।६५ बढी व्ययभार पारेको नियमसम्मत नदेखिएको रु | २१४,६८६ |
| ३० | | | **पत्रकारका लागि निवृत्तीभरण कोः** नगर कार्यपालिकाको ६१ औं बैठकको २०७८।०९।०७ गतेको निर्णय अनुसार महानगरपालिका भित्र बसोबास गर्ने सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने बाहेकका ६० वर्ष माथीका पत्रकारहरुलाई निवृत्तीभरण कोष खडा गरी पालिकाले उक्त कोषमा रु २०,००,०००/- ट्रान्सफर गरेको छ । समाजका कुनै एक पेशा वा व्यवसायमा संलग्न व्यक्तिहरुका लागि मात्र लक्षित गरी कार्यक्रम ल्याउनु औचित्यपूर्ण देखिदैन । त्यसैले उक्त कोष संचालनमा पून: विचार हुनुपर्दछ । | |
| ३१ | | | **परामर्श सेवः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा कार्यालयमा उपलब्ध जनशक्तिबाट कार्य गराउन नसक्ने अवस्थामा मात्र परामर्श सेवा खरिद गर्न सकिने उल्लेख छ । पालिकाले यो वर्ष देहाय बमोजिमको कार्य गर्न विभिन्न परामर्शदातासँग | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | रू.१,०३,८८,०८०/- मा सम्झौता गरी डि.पि.आर बनाउने लगायतका कार्य गरेको छ । पालिकाले बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको गुरुयोजना, डि.पी.आर लगायतको अध्ययन कार्य गराउँदा सम्भव भए सम्म कार्यालयकै प्राविधिक जनशक्तिको अधिकतम प्रयोग गर्नेतर्फ ध्यान पुर्‍याउनुपर्दछ । | |

| कामको विवरण | परामर्शदाता | लागत अनुमान | सम्झौता रकम |
|---|---|---|---|
| Preparation of Municipal Transport Master Plan (MTMP) | Smart-Api Point-New Planet JV, Babarmahal-11Kathmandu | 6698724.75 | 2486000 |
| Environmental Impact Assessment of Autoland ,Bharatpur-3, Chitwan | Global-Everest-MK JV | 1784323 | 950000.04 |
| Making of Website for operation of Industrial Information Portal and Job Portal of Chitwan Udhyog Sangh. | Young Minds Creation Pvt. Ltd | 1416950 | 813600 |
| Preparation of Periodic Plan of Bharatpur Metropolitan City | Intensive Study and Research Centre Pvt . Ltd., Putalisadak, Kathmandu | 1799313 | 1770145 |
| Preparation of Detailed Project Report of Beautification of Kerunga River Corridor | S.D.C. Engineering Service Pvt. Ltd.,<br>Kathmandu, Nepal | 1514426 | 1510000 |
| Environment Impact Assessment of Administrative Office Building of Bharatpur Metropolitan City | Eagles Solutions Pvt. Ltd.,<br>Anamnagar-29, Kathmandu | 1267621 | 1254865 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td rowspan="2">Preparation of Risk Sensitive Land Us<br>e Plan, Bharatpur Metropolitan City</td><td>Greenleaf Associates Pvt. Ltd.,</td><td rowspan="2">1608272.5</td><td rowspan="2">1603470</td></tr>
<tr><td>Baluwatar, Kathmandu</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td>10388080</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>उपभोक्ता समितिबाट निर्माण कार्यः पालिकाले आर्थिक वर्ष २०७८।७९ को नीति तथा कार्यक्रमको पूर्वाधार विकास निर्माणको २ नम्बरमा ४० लाख भन्दा बढीका योजना ठेक्का मार्फत निर्माण गर्ने कुरा उल्लेख छ । पालिकाले वडा नं ९ का सडकहरुमा मोज्याक टाइल लगाउने कार्यमा उपभोक्ता समितिसंग मिति २०७९।०१।०४ मा रु ५७०८१८९/- लागत अनुमान तयार गरी सम्झौता गरेको छ । उक्त योजनामा उपभोक्ता समितिले रु ५५,५३,२७५।७५ मा कार्य सम्पन्नमा पालिकाले रु ५१,४३,०००/- भुक्तानी गरेको छ । पालिका आफैले तयार गरेको नीति/कानून को पालनामा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>दर रेट फरकः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष उपभोक्ता समिति मार्फत संचालित निम्नानुसारको योजनामा लागत अनुमानमा नगरसभाबाट स्वीकृत दर भन्दा फरक दरको प्रयोग गरी सोही अनुसारको दरमा भुक्तानी गर्दा रू.६३१००४/- बढी भुक्तानी गरेको देखियो । स्वीकृत दर भन्दा बढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ, रू.
<table>
<tr><th>भौ.नं./मिति</th><th>योजनाको नाम/उ.स.</th><th>कामको विवरण</th><th>परिमाण</th><th>स्वीकृत दर</th><th>भुक्तानी दर</th><th>बढी भुक्तानी</th><th>कैफियत</th></tr>
<tr><td rowspan="2">३६-०७९/३/२४</td><td>सिदार्थ टोल ढल निर्माण</td><td rowspan="2">PCC Work 1:2:4</td><td rowspan="2">२१६.२८ घनमिटर</td><td rowspan="2">१०२३४.२६</td><td rowspan="2">१२२७८.१</td><td rowspan="2">४४२०७५.९५</td><td rowspan="2">मिक्सचरले गरेको काम मानिसको दर</td></tr>
<tr><td>(प्रदेश सरकार पूँजीगत)</td></tr>
</table>
</td><td>४८९,१८५.०७</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| संघीय सरकार पूंजीगत | | | | | | | |
| ०४-०७८/१२/३० | जनपथ क्लब भवन निर्माण | PCC Work 1:1.5:3 | २१.३९ घनमिटर | १३३५१.१६ | १५५५५.७८ | ४७१०९.१२ | मिक्सचरले गरेको काम मानिसको दर |
| | जम्मा | | | | | ४८९,१८५.०७ | |

(प्रारम्भिक प्रतिवेदन उपर असूल भई/प्रमाण पेश भई/पेश्की फस्योंट भई पेश भएको आधारमा मिति २०७९।१२।१६ को निर्णयबाट रु. १४१८१८.९६।- सम्परीक्षण गरिएको । )

३४

**लागत अनुमानः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा सम्बन्धित निर्माण कार्य सम्बन्धी सम्पूर्ण काम, सम्पन्न गर्न लाग्ने समय तथा सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेका अन्य कुराहरू समेतको अधिनमा रही तयार गर्नुपर्ने उल्लेख छ । नमुना छनौटको रूपमा पालिकाले यो वर्ष सम्झौता गरेका देहायका निर्माण कार्यको स्वीकृत लागत अनुमान र कबोल अङ्क तुलना गर्दा लागत अनुमान भन्दा बोलपत्रदाताले कबोल गरेको अङ्क ०.०९ प्रतिशत देखि ४५.८४ प्रतिशत सम्म घटी रहेको देखिएको छ । पालिकाले यो वर्ष सम्झौता गरी कार्यान्वयनमा ल्याएका योजनामा प्रतिस्पर्धाको अवस्था सम्बन्धी केही उदाहरण देहाय अनुसार छनः

| कामको विवरण | निर्माण व्यवसायी | लागत अनुमान | कबोल अंक | घटी प्रतिशत |
|---|---|---|---|---|
| Blacktopped Road Construction on Bharatpur ward no. 15. | DHULIKHEL NIRMAN SEWA PVT. LTD. | 61171328.2 | 41846864 | -31.59 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | Construction of Surface Drainage System in BMC-10 | D.And.S. Himalayan construction pvt.ltd,Bharatpur-2 | 11001952.8 | 6902223.68 | -37.26 | |
| | | | Construction Of Additional Storey On Existing Ward Office Building , Ward No.22 | shivastal niram pvt. ltd.,Bharatpur-14 | 10609988.2 | 7151887.8 | -32.59 | |
| | | | Construction of Costumer Waiting House atBharatpur Metropolitan City Office Premises. | D.And.S. Himalayan construction pvt. ltd,Bharatpur-2 | 1,757,277.36 | 1,205,440.50 | -31.4 | |
| | | | Construction of Blacktopped road in Namuna Marga (Toyanath Bhattarai House to Adhikari House), Ward no-11 | Divine Light Construction Bharatpur,Chitwan | 1916568.36 | 1872410 | -2.3 | |
| | | | Blacktopped Road Construction in Sundar Tole Marga no. 6 and 14, BMC-7 | Divine Light Construction Bharatpur,Chitwan | 1510405.48 | 1496446.57 | -0.92 | |
| | | | Construction of School Building (First Floor)in Narayani Model Secondary School | siddhakali nirman sewa,Manthali | 8162143.68 | 5365394.58 | -34.26 | |
| | | | Construction of Four Room School Building,sajhapur,Bharatpur-28 | SP Group of Engineering & AssociatesPvt. Ltd. | 4998986.82 | 3391180.57 | -32.16 | |
| | | | Construction of RCC Canal at Bhuwanbasti Ghol,BMC-18 | Rivian Engineering Consultancy Suppliers & Construction Pvt Ltd,BMC-21, | 1753026.75 | 1259197.65 | -28.17 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
